सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको राष्ट्रिय योजना आयोगको कार्यसम्पादन विवरण

# स्वतः प्रकाशन

# (Proactive Disclosure)

*(२०८३ बैशाख देखिअसार मसान्त सम्म)*


**राष्ट्रिय योजना आयोग**

सिंहदरवार, काठमाडौं

# विषयसूची


१. राष्ट्रिय योजना आयोगको परिचय .......... ४

१.१ पृष्ठभूमि .......... ४

१.२ ऐतिहासिक विकासक्रम .......... ४

२. राष्ट्रिय योजना आयोगको गठन तथा काम, कर्तव्य र अधिकार.......... ६

२.१ गठन .......... ६

२.२ आयोगको बैठक .......... ६

२.३ आयोगको काम, कर्तव्य र अधिकार .......... ६

२.४ राष्ट्रिय विकास परिषद् .......... ७

३. राष्ट्रिय योजना आयोगको दरबन्दी र कार्य विवरण.......... ७

४. आयोगबाट प्रदान गरिने सेवा .......... ८

५. सेवा प्रदान गर्ने महाशाखा, शाखा र जिम्मेवार अधिकारी .......... ९

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि .......... ९

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी .......... १०

७.१ निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया .......... १०

७.२ निर्णय गर्ने अधिकारी .......... १०

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी.......... १०

९. २०८३ बैशाख देखी २०८३ असार मसान्तसम्म सम्पादन भएको कामको विवरण .......... १०

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद .......... १४

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची.......... १४

११.१ ऐन, नियम,बिनिमय वा निर्देशिकाको सूचीहरूको विवरणः .......... १४

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण.......... १४

१३. तोकिए बमोजिमका अन्य विवरण .......... १६

१४.सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः .......... १६

१५. सार्वजनिक निकायको सामाजिक सन्जाल भए सोको विवरण .......... १६

१६. सार्वजनिक निकायमा सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः.......... १६

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन .......... १६

१८. राष्ट्रिय योजना आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली .......... १७

१९. राष्ट्रिय योजना आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय .......... १७

२०. राष्ट्रिय योजना आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण.......... १७

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको राष्ट्रिय योजना आयोगको विवरण

## १. राष्ट्रिय योजना आयोगको परिचय

### १.१ पृष्ठभूमि

मुलुकको सर्वाङ्गीण विकासका लागि योजना तर्जुमा गर्ने, क्षेत्रगत नीति एवं रणनीतिहरू तयार गरी विकासका कार्यक्रमहरूलाई लक्षित दिशामा निर्देशित गर्न सघाउनुका साथै विभिन्न राष्ट्रिय महत्त्व एवम् प्राथमिकताका कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गरी नेपाल सरकारलाई तथ्यमा आधारित रहेर सल्लाह दिने बिशिष्टकृत निकायको रूपमा राष्ट्रिय योजना आयोग रहँदै आएको छ। आयोगले समग्र विकासको निमित्त स्रोत साधनको व्यवस्था गर्ने तथा विनियोजन गर्ने कार्यका साथै विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन एवं विकास योजनाका विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा अग्रणी भूमिका निर्वाह गर्दछ। साथै, यसले विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि सहजीकरण र समन्वय गर्दछ। यसबाहेक यसले नागरिक समाज, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रको समस्याहरू विश्लेषण गर्ने र समाधानका उपायहरू पहिल्याउने कार्यमा नेपाल सरकारको सल्लाहकारी निकायको रूपमा समेत कार्य गर्दै आएको छ।

संघीय शासकीय व्यवस्थामा मुलुक प्रवेश गरेसँगै संघ, प्रदेश तथा स्थानीय तहका विकास प्रयासहरूलाई राष्ट्रको समग्र विकाससँग आबद्ध गरी लैजान दूरगामी सोचको तर्जुमा, कार्यान्वयनयोग्य आवधिक योजनाको तर्जुमा, नीतिगत जटिलताहरूको सरलीकरण, मध्यकालीन खर्च संरचनाको सुदृढीकरण, सहअस्तित्व, सहकारिता एवम् सहयोगात्मक संघीयताको कार्यान्वयनमा समन्वयात्मक भूमिका, नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन पद्धति विकास र सूचना तथा तथ्याङ्क प्रणालीलाई वैज्ञानिक तथा भरपर्दो बनाउँदै पहुँच योग्य बनाउने कार्यलाई प्राथमिकताका साथ आयोगले अगाडि बढाउँदै लगेको छ।

### १.२ ऐतिहासिक विकासक्रम

नेपाललाई विकासको हरेक पक्षहरूमा गति प्रदान गर्न विकास प्रक्रियालाई एकीकृत र योजनाबद्ध रूपमा लैजाने अवधारणासहित सर्वप्रथम बि.सं.२०१३ सालमा तत्कालीन प्रधानमन्त्री स्व.टंकप्रसाद आचार्यको अध्यक्षतामा केन्द्रीय स्तरमा योजना आयोगको गठन भएको थियो। त्यही सालबाट योजनाबद्ध विकास प्रयासको थालनी गरी पहिलो योजना (२०१३– २०१७) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको थियो जसले योजनाको आधारशिला तयार गर्न सहयोग पुर्यायो। योजना आयोगलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ जारी गरियो र त्यही वर्ष योजना मण्डल स्थापना भएको थियो। योजना मण्डललाई योजना तर्जुमा गर्ने जिम्मेवारी बाहेक विविध कार्यकारी अधिकारहरू सुम्पिएको थियो। वि.सं.२०१७ मा बहुदलीय व्यवस्थालाई अन्त्य गरिए सँगै तत्कालीन राजा महेन्द्रको अध्यक्षतामा राष्ट्रिय योजना परिषद्को स्थापना भएको थियो। यस परिषद्को निर्णयलाई मन्त्रिपरिषद्को निर्णय सरहको मान्यता दिई यस परिषदलाई आर्थिक योजना तथा नीति निर्माणको लागि सबैभन्दा अधिकार प्राप्त

निकायको रूपमा राखियो। यस परिषद्‌लाई सहयोग पुर्‍याउन एउटा छुट्टै सचिवालयको स्थापना भएको थियो। तर, वि.सं.२०१९ मा आर्थिक विकास मन्त्रालयको स्थापना भए पश्चात् सोही मन्त्रालयले सचिवालयको कार्य गर्न थाल्यो र विकास बजेट एवं वैदेशिक सहायतासम्बन्धी अन्य क्रियाकलापहरू राष्ट्रिय योजना परिषद् अन्तर्गत ल्याइयो। वि.सं. २०२० मा राष्ट्रिय योजना परिषद् विघटन भयो र केन्द्रीय रूपमा योजना निर्माण गर्ने निकाय मन्त्रिपरिषदको अध्यक्षले अध्यक्षता गर्ने गरी उस्तै नाम दिई गठन गरियो। मन्त्रिपरिषदका सबै मन्त्रीहरू सो निकायको पदेन सदस्य हुनेगरी आर्थिक विकास मन्त्रालयलाई योजना मन्त्रालयको रूपमा पुनर्गठन गरियो।

वि.सं.२०२५ मा विकास बजेट र वैदेशिक सहायतासम्बन्धी सबै कार्यहरू गर्ने गरी आर्थिक योजना मन्त्रालयबाट अर्थ मन्त्रालयमा सरियो।  मन्त्रिपरिषद्‌को अध्यक्षले अध्यक्षता गर्ने राष्ट्रिय योजना परिषद्‌लाई प्रधानमन्त्रीबाट अध्यक्षता गर्ने राष्ट्रिय योजना आयोगले प्रतिस्थापन गरी यसलाई सघाऊ पुर्‍याउन छुट्टै सचिवालय स्थापना गरियो। वि.सं. २०२९ मा तयार गरिएको अध्ययन प्रतिवेदनले प्रस्ताव गरे अनुसार केन्द्रीय योजना निर्माणसम्बन्धी निकायले गर्ने कार्य तथा जिम्मेवारीहरू राष्ट्रिय योजना आयोगलाई दिने गरी यसलाई पुनर्गठन गरियो। वि.सं. २०४४ मा राष्ट्रिय योजना आयोगको स्वरूपमा सामान्य परिवर्तन भयो। वि.सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनः स्थापना पश्चात् वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भएको पाइन्छ। पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको पाँचजना सदस्यहरू र एकजना सदस्य सचिव रहने व्यवस्था गरियो ।  यसमा मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यहरूको रूपमा रहने व्यवस्था गरियो।

वि.सं. २०६२/०६३ को जनआन्दोलन पश्चात् राजकीय सत्ता र शासन व्यवस्थामा भएको परिवर्तनसँगै पुरानो शासकीय व्यवस्थामा रहेको राष्ट्रिय योजना आयोगको समयानुकूल परिवर्तनसहित नयाँ गठन आदेश, २०६८ बमोजिम पुनर्गठन गरियो।  वि.सं.२०७२ असोज ३ मा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान जारी भएसँगै पुन योजना आयोगलाई संविधानले लिएको विकासका लक्ष्यहरू एवम् निर्दिष्ट गरेका जिम्मेवारीहरूको कुशल एवं प्रभावकारी सम्पादन र समन्वय गर्ने गरी मिति २०७४/११/२८ को नेपाल सरकार, मन्त्रिपरिषद्‌को निर्णयले राष्ट्रिय योजना आयोग-गठन तथा कार्य सञ्चालन आदेश, २०७४ स्वीकृत गर्‍यो र २०७५/१/११ मा उपाध्यक्षसहित सात सदस्यीय र नेपाल सरकारको विशिष्ट श्रेणीको सचिव आयोगको सदस्य सचिव रहने व्यवस्थासहित पूर्णकालीन आयोग गठन भई कार्य संचालन गर्दै आएको छ।  यस गठन आदेश अनुसार नेपाल सरकारका मुख्य सचिव र अर्थ सचिव पदेन सदस्य रहने व्यवस्था रहेको छ ।

नेपालको योजनाबद्ध विकास क्रम वि.सं. २०१३ सालदेखि हालसम्मको अवधिमा आईपुग्दासम्म सात दशक गरिसकेको छ भने हालसम्म १५ वटा आवधिक योजनाहरू कार्यान्वयन भई हाल सौह्रौं योजना कार्यान्वयनको अवस्थामा छ ।  आयोगको गठन प्रकृया तथा कार्यहरूबारे अध्ययन गर्दा यसको नेतृत्व गर्ने पदाधिकारी, सदस्यहरूको संख्या तथा संगठन स्वरूपमा समय समयमा फेर बदल भइरहेको पाइन्छ ।

सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय योजना आयोगको हालको संगठनमा पूर्णकालीन पदाधिकारीको रूपमा एक उपाध्यक्ष, सात जना सदस्य र सदस्य सचिव रहेको छ। मुख्य सचिव र अर्थ सचिव पदेन सदस्य रहने व्यवस्था छ।  यसरी राष्ट्रिय योजना आयोगले विगतमा विभिन्न नाममा भिन्न भिन्न कार्य विवरण सहित कार्य गर्दै पटक पटकको परिवर्तन र सुधारको प्रकृयाबाट हालको अवस्थामा  आई पुगेको छ । संगठन स्वरूप समयक्रमसंगै भएका सुधारहरूको नतिजा स्वरूप राष्ट्रिय योजना आयोगको हालको काम कर्तव्य, अधिकारहरू र संगठन स्वरूप तयार भएको हो ।

## २. राष्ट्रिय योजना आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

प्रचलित कानून तथा अन्य आदेशमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।

### २.१ गठन

नेपालमा तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन, मूल्याङ्कन र अनु शिक्षण गर्नका लागि नेपाल सरकारको विशिष्टीकृत निकायका रूपमा काम गर्न देहाय बमोजिमको एक राष्ट्रिय योजना आयोग गठन गरिएको छ ।

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री– | अध्यक्ष |
| (ख) | नेपाल सरकारबाट नियुक्त एक जना– | उपाध्यक्ष |
| (ग) | नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिला सहित बढीमा छजना– | सदस्य |
| (घ) | मुख्य सचिव, नेपाल सरकार– | सदस्य |
| (ङ) | सचिव, अर्थ मन्त्रालय– | सदस्य |
| (च) | सचिव, राष्ट्रिय योजना आयोग– | सदस्यसचिव |

देहाय खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यहरूले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्ने ब्यवस्था छ ।  देहाय खण्ड (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा देहाय बमोजिम प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था छ ।

(क) आर्थिक विकास,

(ख) सामाजिक विकास,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा,

(घ) प्राकृतिक स्रोत व्यवस्थापन ।

### २.२ आयोगको बैठक

आयोगको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ । आयोगको बैठक आयोगको अध्यक्षले अध्यक्षता गर्ने र उपाध्यक्षले अध्यक्षता गर्ने गरी दुई प्रकृतिका हुने व्यवस्था छ। आयोगका अध्यक्षले अध्यक्षता गर्ने बैठक वर्षको कम्तीमा दुई पटक बस्ने व्यवस्था छ भने उपाध्यक्षले अध्यक्षता गर्ने आयोगको नियमित बैठक साप्ताहिक रूपमा बस्ने व्यवस्था छ ।

### २.३ आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ मा  काम, कर्तव्य, अधिकारमा आयोगको कार्यक्षेत्र मूलतः देहाय बमोजिमका चारवटा उल्लेख गरिएका छन्:

(क) दीघर्कालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा,

(ख) अनगुमन तथा मूल्याङ्कन,

(ग) तहगत समन्वय,

(घ) अध्ययन, अनसुन्धान तथा अन्वेषण ।

### २.४ राष्ट्रिय विकास परिषद्

आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक राष्ट्रिय विकास परिषद् रहने व्यवस्था गठन आदेशमा गरिएको छ।
परिषद्को गठन देहाय बमोजिम रहेको छ :

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री | अध्यक्ष |
| (ख) | आयोग उपाध्यक्ष | उपाध्यक्ष |
| (ग) | नेपाल सरकारका विभागीय मन्त्रीहरू र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरू | सदस्य |
| (घ) | संघीय–संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता | सदस्य |
| (ङ) | संघीय–संसदका समितिका सभापतिहरू | सदस्य |
| (च) | प्रदेश सरकारका मुख्य मन्त्रीहरू | सदस्य |
| (छ) | आयोगका सदस्यहरू | सदस्य |
| (ज) | गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| (झ) | प्रदेश सरकारका योजना हेर्ने मन्त्रालय वा निकायको प्रमुखहरू | सदस्य |
| (ञ) | जिल्ला समन्वय समितिका प्रमुखहरू, प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पूर्याएका व्यक्तिहरूमध्येबाट कम्तीमा एक तिहाई महिला सहित नेपाल सरकारबाट मनोनित पच्चीस जना | सदस्य |
| (ट) | सचिव, राष्ट्रिय योजना आयोग | सदस्य-सचिव |

परिषद्का अध्यक्षको निर्देशनमा सदस्य सचिवले परिषद्को बैठक बोलाउने र परिषद्को बैठकमा आयोगले तयार गरेको राष्ट्रिय योजना छलफल भएपछि सो परिषद्को निर्देशन अनुसार राष्ट्रिय योजना आयोगबाट नेपाल सरकारको स्वीकृतिको लागि पेश गरिने व्यवस्था रहेको छ।

## ३. राष्ट्रिय  योजना आयोगको दरबन्दी र कार्य विवरण

| पद नाम | श्रेणी | सेवा | समूह/उपसमुह | खुद दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|
| सचिव | विशिष्ठ | प्रशासन | | १ | |
| सहसचिव | रा.प. प्रथम | प्रशासन | | ४ | |
| कार्यक्रम निर्देशक | रा.प. द्वितीय | प्रशासन | | १२ | |
| उप सचिव (लेखा) | रा.प. द्वितीय | प्रशासन | लेखा | १ | |
| योजना अधिकृत | रा.प.तृतीय | प्रशासन | सा. प्रशासन | २६ | |
| लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | |
| तथ्याङ्क अधिकृत | रा.प.तृतीय | ने. आ. यो. त. | तथ्याङ्क | २ | |
| कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | |

| पद नाम | श्रेणी | सेवा | समूह/उपसमुह | खुद दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|
| कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | २ | |
| पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पुस्तकालय विज्ञान | १ | |
| नायब सुब्बा | रा.प.अ.नं.प्रथम | प्रशासन | सा. प्रशासन | १६ | |
| पुस्तकालय सहायक (ना.सु.) | रा.प.अ.नं.प्रथम | शिक्षा | पुस्तकालय विज्ञान | १ | |
| लेखापाल | रा.प.अ.नं.प्रथम | प्रशासन | लेखा | १ | |
| कम्प्युटर अपरेटर | रा.प.अ.नं.प्रथम | विविध | | ६ | |
| ह.स.चा. | श्रेणी विहीन | इन्जिनियरिङ् | जनरल मेकानिक्स | १४ | |
| कार्यलय सहयोगी | श्रेणी विहीन | प्रशासन | | १६ | |
| | | | जम्मा | १०५ | |

## ४. आयोगबाट प्रदान गरिने सेवा

**क . दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय तथा सहजीकरण:**

१. मुलुकको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

२. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

३. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा केन्द्रीय स्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी सहमति दिने,

४. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

५. राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्न लगाउने,

६. अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजिकरण गर्ने,

७. अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

९. अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्यांक प्रणालीको विकास र संप्रेषण गर्ने, गराउने।

**ख. अनुगमन तथा मुल्याङ्कन**

१. मुलुकको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

२. मूल्यांकनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्यांकन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,
३. अनुगमन, मूल्यांकन तथा अनु शिक्षणको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्यांकनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

**ग. तहगत समन्वय**

१. संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग, सहजीकरण गर्ने।

**घ. अध्ययन, अनुसन्धान तथा अन्वेषण**

१. कुनै राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,
२. प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,
३. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार,जलस्रोत तथा ऊर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्य परक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने।

## ५. सेवा प्रदान गर्ने महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | महाशाखा | जिम्मेवार अधिकारी | पद | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक व्यवस्थापन | श्री खोमराज कोइराला | सहसचिव | |
| २ | उत्पादन तथा श्रम सम्बन्ध महाशाखा | श्री अर्जुन भण्डारी | सहसचिव | |
| ३ | अनुगमन तथा मूल्यांकन महाशाखा | श्री मिमांस अधिकारी | सहसचिव | |
| ४ | पूर्वाधार महाशाखा | श्री लोक प्रसाद न्यौपाने | सहसचिव | |
| ५ | अनुसन्धान तथा अन्वेषण महाशाखा | श्री राजेश गौतम | सहसचिव | |
| ६ | सामाजिक विकास महाशाखा | श्री नवराज ढुंगाना | सहसचिव | |
| ७ | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन महाशाखा | श्री हरिशरण पुडासैनी | सहसचिव | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगको कार्य प्रकृति योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन कार्यसँग सम्वन्धित हुने र प्रत्यक्ष सेवा प्रवाहसँग सम्वन्धित बिषयहरू नहुने भएकोले आयोगबाट प्रदान गरिने सेवाहरूमा दस्तुर र अवधि तोक्ने व्यवस्था नभएको।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### ७.१ निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

उजुरीको व्यवस्थापन सम्वन्धमा आयोगमा प्रवक्ता, सह प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ । आयोगको प्रशासनिक कार्यहरू सम्बन्धमा आयोगका सहसचिव श्री हरि शरण पुडासैनी प्रवक्ता र कार्यक्रम निर्देशक श्री विष्णु प्रसाद सापकोटालाई सूचना अधिकारी तोकिएको छ। आयोगमा यस आ. व.मा उजुरी परेको थिएन। आयोगबाट सम्पादन हुने कार्यक्रमसँग सम्बन्धित विषयमा जानकारी एवं सूचना टेलिफोन, ईमेल र मौखिक रूपमा प्रत्यक्ष माग हुने गरेको सन्दर्भमा तुरुन्त सूचना उपलब्ध गराउँदै आइएको छ । साथै, आयोगको निर्णयहरू, निर्देशन, परिपत्र, महत्त्वपूर्ण दस्तावेजहरू प्रकाशन तथा वेबसाइटमार्फत सार्वजनिकीरण गर्नुका साथै आवश्यकता अनुसार प्रेस विज्ञप्ति मार्फत पनि सु-सूचित गर्ने गरिएको छ । टेलिफोन र मौखिक रूपमा माग गरिएका सूचनाहरू तुरुन्त जानकारी गराउने गरिएको छ ।

### ७.२ निर्णय गर्ने अधिकारी

सचिव श्री रविलाल पन्थ

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री रविलाल पन्थ

## ९. २०८३ बैशाख देखी २०८३ असार मसान्तसम्म सम्पादन भएको कामको विवरण

क. **बजेट र मध्यमकालीन खर्च संरचना** (MTEF

१. आ.व. २०८३/८४ को बजेटको नीतिगत तथा कार्यक्रमगत छलफलको प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको।

२. आ.व. २०८३।८४-२०८५।८६ को मध्यमकालीन खर्च संरचना प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको ।

३. मिति २०८३।०२।१५ मा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको आयोगको पूर्ण बैठकबाट आ.व. २०८३/८४–२०८५/८६ को त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तथा आ.व. २०८३/८४ को वार्षिक विकास कार्यक्रम स्वीकृत गरी प्रकाशन गरिएको।

४. मिति २०८३/०३/०५ मा माननीय अर्थमन्त्रीज्यूको उपस्थितिमा आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनका सम्वन्धमा बिभिन्न मन्त्रालयका सचिवहरू समेतको सहभागितामा छलफल भएको।

५. मिति २०८३/०३/३० मा माननीय मन्त्री महावीर पुनज्यूको उपस्थितिमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय र राष्ट्रिय योजना आयोग वीच आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन, आपसी समन्वय र अर्थतन्त्र विकासका लागि नवप्रवर्तनको उपयोग गर्ने जस्ता विषयमा छलफल तथा अन्तरक्रिया सम्पन्न।

ख. **अन्तर-सरकारी वित्तीय अनुदान सिफारिस**

६. समपुरक र विशेष अनुदान तर्फ प्रदेश र स्थानीय तहमा अनुदानका लागि अर्थमन्त्रालयमा देहाय बमोजिमको संख्याका आयोजना सिफारिस गरी पठाइएको र सिफारिस भएका आयोजनाहरू आयोगको वेबसाइटमार्फत सार्वजनिक गरिएको ।

क. प्रदेश तहमा विशेष अनुदानका लागि ६९ वटा आयोजना/कार्यक्रमका लागि रु ३ अर्ब ८२ करोड ११ लाख,

ख. प्रदेश तहमा समपुरक अनुदानका लागि ६२ वटा आयोजना/कार्यक्रमका लागि रु ४ अर्ब ६० करोड १८ लाख,

ग. स्थानीय तहमा विशेष अनुदानका लागि ७८९ वटा आयोजना/कार्यक्रमका लागि रु ९ अर्ब ४० करोड २१ लाख,

घ. स्थानीय तहमा समपुरक अनुदानका लागि १०६७ वटा आयोजना/कार्यक्रमका लागि रु ८ अर्ब ९२ करोड ८९ लाख ।

ग. **१६ औं योजना र राष्ट्रिय गौरवका आयोजना**

७. १६ औं योजनाको कार्यान्वयन कार्ययोजना प्रकाशन गरिएको ।

८. १६ औं योजनाको मध्यावधि समीक्षा गर्न कार्यदल गठन भएको ।

९. राष्ट्रिय गौरवका आयोजना छनौटको मापदण्ड पुनरावलोकनको मस्यौदा तयार भएको।

१०. ठूला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८३ को मस्यौदा तयार गरिएको।

घ. **राष्ट्रिय आयोजना बैंक तथा नीतिगत एवं कानुनी विषय**

११. रु ५० करोड भन्दा बढी लागत भएका २३१ वटा आयोजनाको तथ्याङ्क संकलन एवं आर्थिक, सामाजिक तथा वातावरणीय आधारमा प्राथमिकीकरण गरी ढाँचा (**Investment Modality**) सहित तयार गरेको राष्ट्रिय स्तरको **Project Pipeline** सम्बन्धी प्रतिवेदन तयार भएको।

१२. विकास आयोजना कार्यान्वयन सहजीकरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदालाई परियोजना छाता ऐन बनाउने प्रयोजनार्थ सुझाव उपलब्ध गराउने सुझाव प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई उपलब्ध गराइएको।

१३. राष्ट्रिय गौरवका आयोजना तथा लगानी बोर्डमा दर्ता भएका परियोजनाहरूको लगानी ढाँचा (**Investment Modality**) निर्धारण सम्बन्धमा अर्थ मन्त्रालयमा गठन भएको समितिमा आयोगबाट प्रतिनिधित्व भई नियमित रूपमा सहभागी भएको र लगानी ढाँचा निर्माण सम्बन्धी कार्यमा सुझाव उपलब्ध गराइएको।

१४. आगामी आर्थिक वर्षका लागि राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (**NPBMIS**) मार्फत रु. १ अर्बभन्दा बढी लागतका २९, रु. १ अर्बभन्दा कम लागतका १७९ तथा ३,६६१ अध्ययन आयोजनाहरू प्रविष्टिका लागि स्वीकृत गरिएको।

१५. स्वास्थ्य तथा जनसंख्या, ऊर्जा, जलस्रोत तथा सिँचाइ, पूर्वाधार विकास (पूर्व सहरी विकास) तथा पूर्वाधार विकास (पूर्व भौतिक पूर्वाधार तथा यातायात) मन्त्रालय अन्तर्गतका कुल १५२ आयोजनाका बहुवर्षीय स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गरिएको।

१६. राष्ट्रिय आयोजना बैंक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८३ को मस्यौदा तयारीका लागि समिति गठन गरी कार्य अघि बढाइएको।

ङ. **अन्तर्राष्ट्रिय सम्बन्ध र स्तरोन्नति**

१७. **Doha Programme of Action for the Least Developed Countries, 2022-2031 (DPoA)** को मध्यावधि समीक्षा प्रकाशन गरिएको।

१८. अति कम विकसित मुलुकबाट स्तरोन्नति सम्बन्धी राष्ट्रिय समीक्षा प्रतिवेदन तथा प्रगतिसम्बन्धी प्रतिवेदन प्रकाशन गरी वेबसाइटमार्फत सार्वजनिक गरिएको, कार्यान्वयन तथा समन्वय समितिको बैठक सम्पन्न गरी सुझाव परराष्ट्र मन्त्रालयमा पठाइएको।

१९. नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती गर्न थप तीन वर्षको समय माग सम्बन्धमा उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, चेम्वर अफ कमर्स लगायतका सरोकारवालासँग परामर्श गरिएको ।

२०. United Nations Office of the High Representative for the Least Developed Countries, Landlocked Developing Countries and Small Island Developing States (UN-OHRLLS) **अन्तर्गत** United Nations Committee for Development Policy (UNCDP) का पदाधिकारीहरूसँग छलफल सम्पन्न गरिएको ।

२१. विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष लगायतका विकास साझेदार संस्थाहरूसँग दिगो विकास लक्ष्य, अति कम विकसित मुलुकबाट स्तरोन्नति तथा आर्थिक विकास सम्बन्धी विषयमा उच्चस्तरीय परामर्श बैठक सम्पन्न गरिएको।

२२. युरोपियन युनियन (**European Union**) र युनिसेफ (**UNICEF**) सँग **MSNP- III** कार्यान्वयन सम्बन्धी वैदेशिक सहायता परिचालन सम्बन्धी प्राविधिक सहयोगका लागि समझदारीपत्र (**MoU**) मा हस्ताक्षर सम्पन्न गरिएको ।

२३. मिति २०८३/०१/२९ मा **57th Meeting of the ICIMOD Board of Governors** मा अनलाइन मार्फत सहभागिता जनाइएको ।

२४. मिति २०८३/०१/१४ मा अष्ट्रेलियन राजदुतसँग जलवायु र सुशासन विषयमा छलफल तथा शिष्टाचार भेटवार्ता भएको।

२५. मिति २०८३/०३/२३ मा बङ्गलादेशका राजदुत **Md. Shafiqur Rahman** सगँ अति कम विकसित मुलुकबाट स्तरोन्नति हुने लगायत आपसी हितका विषयमा छलफल भएको ।

२६. मिति २०८३।०३।२५ मा बङ्गलादेशका वाणिज्य मन्त्रीसँग अल्प विकसित राष्ट्रबाट स्तरोन्नति, द्विपक्षिय व्यापार लगायतका विषयमा भर्चुअल बैठक सम्पन्न भएको।

च. **बहुक्षेत्रीय पोषण तथा समन्वय**

२७. **Multi-Sectoral Nutrition Plan (MSNP)** को अध्यावधिक स्थिति प्रतिवेदन तयार गरिएको।

२८. खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/८२–२०८६/८७) कार्यान्वयनका लागि राष्ट्रिय निर्देशक समिति तथा समन्वय एवं सहजीकरण समिति गठन गरिएको

२९. खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजनाको राष्ट्रिय निर्देशक समिति निर्देशक समितिको मिति २०८३/०३/२२ वैठकले खाद्य प्रणाली रुपान्तरण रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन एवं स्थानीयकरणका लागि विभिन्न ५ वटा निर्णय गरेको।

३०. बहुक्षेत्रीय पोषण योजना (तेस्रो) सम्बन्धी जिल्लास्तरीय तथा प्रदेशस्तरीय गरी पाँच वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

छ. **राय तथा परामर्श**

३१. तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२/८३–२०८६/८७) सम्बन्धमा आयोगको राय अर्थ मन्त्रालयमा पठाइएको।

३२. वन तथा वातावरण मन्त्रालयबाट प्राप्त तेस्रो राष्ट्रिय निर्धारित योगदान (**NDC-3**) कार्यान्वयन कार्ययोजनाको मस्यौदामा आयोगको राय तथा सुझाव पठाइएको।

३३. राष्ट्रिय सुरक्षा नीति, २०७५ को कार्यान्वयन कार्ययोजनाको मस्यौदा तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ संशोधन विधेयकको मस्यौदामा आयोगको राय तथा सुझाव पठाइएको।

३४. आरोग्य पर्यटन नीतिको मस्यौदामा आयोगको राय तथा सुझाव संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई उपलब्ध गराइएको ।

ज. **मन्त्रिपरिषद्को विधेयक र आर्थिक तथा पूर्वाधार समितिमा सहभागिता**

३५. नेपाल राष्ट्र बैंक ऐन,२०८३ र कारागार नियमावली, २०८३ का विषयमा राय दिएको।

३६. निजी क्षेत्रको संरक्षण र प्रवर्द्धन रणनीति तर्जुमा गर्ने विषयमा राय दिइएको।

३७. राष्ट्रिय यातायात नीति, २०८३ स्वीकृत गर्ने विषयमा राय दिइएको।

३८.मानव अधिकार सम्वन्धी छैठौं राष्ट्रिय कार्ययोजना स्वीकृत गर्ने विषयमा राय दिइएको।

झ. **अन्य अन्तरक्रिया कार्यक्रम**

३९.मिति २०८३/०३/२९ मा प्रतिनिधि सभा, अर्थ समितिको बैठकमा राष्ट्रिय योजना आयोगको कार्यक्षेत्र, राष्ट्रिय योजना आयोगबाट आ.व. २०८२/८३ मा सम्पदित मुख्य कार्य,सोह्रौं योजनाको कार्यान्वयन अवस्था, मध्यमकालिन खर्च संरचनाको कार्यान्वयन, राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन अवस्थाका विषयमा राष्ट्रिय योजना आयोगको प्रस्तुतिकरण कार्यक्रम सम्पन्न।

४०.मिति २०८३/०३/१२ मा राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समिति वैठकमा सहभागीता जनाइएको।

४१.मिति २०८३/०३/१५ मा सुदूरपश्चिम प्रदेशको प्रदेश सभा अन्तर्गतको अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिका माननीय सभापति लगायत सदस्यसँग छलफल तथा अन्तरक्रिया भएको।

४२.मिति २०८३/०१/३१ मा सातै प्रदेशका प्रदेश योजना आयोगका उपाध्यक्षहरूसँग भर्चुअल माध्यमबाट अन्तरक्रिया भएको।

ञ. **कार्यसम्पादन, आचरण र सांगठनिक सुधार**

४३.राष्ट्रिय योजना आयोगको पुनर्संरचना सम्बन्धी अध्ययन तथा सुझावका लागि कार्य समिति गठन गरिएको।

४४."राष्ट्रिय योजना आयोगका कर्मचारीको कार्य विवरण र कार्य सम्पादन सूचक (**KPI**) सम्बन्धी प्रतिवेदन,२०८३" तयार गरी आगामी वर्षको लागि कर्मचारीलाई कार्यविवरण सहित जिम्मेवारी दिई कार्यान्वयन गर्ने गरी व्यवस्थापन गरिएको।

४५.आयोगबाट सम्पादन हुने कार्यमा निर्णय प्रक्रियालाई छिटो छरितो बनाउने सम्बन्धमा अध्ययन प्रतिवेदन तयार भएको र कार्यान्वयन चरणमा रहेको।

४६.कर्मचारीको आचरण र काम प्रति समर्पणभाव, कार्य वातावरण निर्माण र निरन्तरताका लागि नियमित रुपमा आचार संहिताको आन्तरिक अनुगमन गर्ने गरिएको।

ट. **डिजिटल सुशासन र प्रणालीगत सुधार**

४७. डिजिटल फाइल ट्याकिङ प्रणाली (**Digital File Tracking System**) तथा डिजिटल सुशासन रुपान्तरण सम्बन्धी प्रतिवेदन तयार भइ सिफारिस कार्यान्वयनको चरणमा रहेको।

४८. कागजरहित सेवाका लागि सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (**GIOMS**) को कार्यान्वयन र प्रभावकारिता सम्बन्धी अध्ययन गरी सुझाव सिफारिस भएको।

४९. आयोगका सबै डिजिटल सूचना प्रणालीहरूलाई अपाङ्गतामैत्री र पहुँचयोग्य बनाउने कार्य अघि बढाईएको।

ठ. **गुनासो व्यवस्थापन र जनसम्पर्क**

५०.आयोगका सम्पूर्ण महत्त्वपूर्ण गतिविधिहरू सामाजिक सञ्जालमा नियमित अद्यावधिक गर्ने गरिएको।

५१.नागरिक सहायताका लागि टेलिफोन, **QR Code**, इमेल र सामाजिक सञ्जाल मार्फत गुनासो दर्ता प्रणाली कार्यान्वयनमा रहेको।

५२.प्राप्त गुनासोहरूको शीघ्र फलोअप र सम्बोधन गर्न गुनासो सम्बोधन संयन्त्र गठन गरिएको।

५३. फ्रन्टडेस्कमा काम गर्ने कर्मचारीका लागि आवश्यक तालिम प्रदान गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा विवरण पठाइएको ।

ङ. **अनुगमन, निरीक्षण र अन्तरक्रिया**

५४. विभिन्न १९ जिल्लाका २४ स्थानीय तहमा सञ्चालित समपुरक अनुदान तर्फ २४ वटा आयोजना र विशेष अनुदान तर्फ २२ वटा आयोजनाहरूको स्थलगत अनुगमन गरिएको ।

५५. पचास प्रतिशत भन्दा कम प्रगति भएका ठूला आयोजनाहरू मध्ये कृषि क्षेत्र तर्फ पहाडी काष्ठफल तथा फलफूल विकास कार्यक्रमको स्थलगत अनुगमन सम्पन्न गरिएको ।

५६. सुदूरपश्चिम प्रदेशमा सोह्रौं योजना, दिगो विकास लक्ष्य तथा अति कम विकसित मुलुकबाट स्तरोन्नति सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारी, कार्यक्रम निर्देशक श्री बिष्णु प्रसाद सापकोटा

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

### ११.१ ऐन, नियम,बिनिमय वा निर्देशिकाको सूचीहरूको विवरणः

१. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३
२. राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४
३. आयोजनाहरूको वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८०
४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७
६. संघ,प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६
७. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन ऐन, २०८०
८. समपूरक अनुदान सम्बन्धी कार्यविधि- २०८२
९. विशेष अनुदान सम्बन्धी कार्यविधि- २०८२

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| नेपाल सरकार, राष्ट्रिय योजनाआयोग | | | | |
|---|---|---|---|---|
| बजेट उपशीर्षक नंः ३९१०००११३ | | | | |
| बजेट उपशीर्षकको नामः राष्ट्रिय योजना आयोग | | | | |
| आर्थिक बर्ष : २०८२/८३ २०८२श्रावण १ देखि २०८३ आषाढ ३२सम्म | | | | |
| खर्च सङ्केत नं | खर्च सङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिनासम्मको खर्च | बाँकी बजेट |
| २११११ | पारिश्रमिककर्मचारी | ६९९८३०००.०० | ६८७३७९९५.२६ | १२४५००४.७४ |
| २१११२ | पारिश्रमिकपदाधिकारी | ४०७७०००.०० | २१८३८८६.०० | १८९३११४.०० |
| २११२१ | पोशाक | ९०००००.०० | ९०००००.०० | ००.०० |
| २११३२ | महंगीभत्ता | ५४२९९३४.०० | ५४२९९३४.०० | ००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ९०००००.०० | २६३०००.०० | ६३७०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २११३९ | अन्यभत्ता | १०००००.०० | २५०००.०० | ७५०००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ५०००००.०० | ००.०० | ५०००००.०० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | २०००००.०० | १०४९३६.०० | ९५०६४.०० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | २०००००.०० | ३८४३६.०० | १६१५६४.०० |
| २१२१२ | योगदानमा आधारीत निवृतभरण तथा उपदान कोष खर्च | ४०००००.०० | २४०३०१.५४ | १५९६९८.४६ |
| २१२१३ | योगदानमाआधारित बीमा कोष खर्च | ४,४००००.०० | ४३२८००.०० | ७२००.०० |
| २२१११ | पानीतथा बिजुली | २३०००००.०० | २०४९२७०.५० | २५०७२९.५० |
| २२११२ | संचारमहसुल | १४०००००.०० | ६११०४३.०० | ७८८९५७.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ३४०००००.०० | २७४२६७२.०० | ६५७३२८.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ६९०००००.०० | ५६०४११२.०० | १२९५८८८.०० |
| २२२१३ | सवारीसाधन मर्मत खर्च | ८१०००००.०० | ८१०००००.०० | ००.०० |
| २२२१४ | बिमातथा नवीकरण खर्च | १,५००,०००.०० | १३९४३६३.०० | १०५६३७.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | १२०००००.०० | ११९४८५३.०० | ५१४७.०० |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १२५००००.०० | १०३७९०२.०० | २१२०९८.०० |
| २२३११ | मसलन्दतथा कार्यालय सामाग्री | ९००००००.०० | ८९९५४६७.०० | ४५३३.०० |
| २२३१३ | पुस्तकतथा सामग्री खर्च | ६००,०००.०० | ३८८१९४.०० | २११८०६.०० |
| २२३१४ | इन्धन-अन्य प्रयोजन | २०००००.०० | ६४००.०० | १९३६००.०० |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | ३७०००००.०० | ३२८९५८७.०० | ४१०४१३.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ५०००००.०० | २१४२७०.०० | २८५७३०.०० |
| २२४११ | सेवार परामर्श खर्च | ३२०००००.०० | २८६८१६२.०० | ३३१८३८.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेर संचालन खर्च | २१५००००.०० | १४८४८५९.०० | ६६५१४१.०० |
| २२५११ | कर्मचारीतालिम खर्च | ३५००००.०० | ३३६०८४.०० | १३९१६.०० |
| २२४१३ | करार सेवा शुल्क | १६१०००००.०० | १६००८६२२.०० | ९१३७८.०० |
| २२५२२ | कार्यक्रमखर्च | ६५०००००.०० | २०३६२५.०० | ६२९६३७५.०० |
| २२५२९ | विविधकार्यक्रम खर्च | ५८०००००.०० | ९६३९६९.०० | ४८३६०३१.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ४९०००००.०० | ३१७२६७६.०० | १७२७३२४.०० |
| २२६१२ | भ्रमणखर्च | २०००००.०० | ८६९८.०० | १९१३०२.०० |
| २२७११ | विविधखर्च | ७१८५०००.०० | ७१८०८३४.०० | ४१६६.००.०० |

| खर्च सङ्केत नं | खर्च सङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिनासम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| ३११२२ | मेशिनरीतथा औजार | २८०००००.०० | १५८८३८४.०० | १२११६१६.०० |

| | | | | |
|---|---|---|---|---|
| ३११२३ | फर्निचरतथा फिक्चर्स | १८०००००.०० | १७९२५०४.०० | ७४९६.०० |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | २५०००००.०० | ६३२४७८.०० | १८६७५२२.०० |
| कुल जम्मा खर्च | | | | १५०२२५३१७.३० |
| अन्तिम बजेटको खर्च तुलना ( %प्रतिशतमा ) | | | | ८५.०४% |

बजेट उपशीर्षकको नामः सार्वजनिक वित्तीय व्यवस्थापन सुधारकार्यक्रम ३०५००११५

| खर्च/वित्तीयसङ्केत नं | खर्चसङ्केतको नाम | अन्तिम बजेट | आषाढमहिनाको खर्च | आषाढ महिना सम्मको खर्च |
|---|---|---|---|---|
| २२५२२ | कार्यक्रमखर्च | ४१८५०००.०० | ००.०० | ४१८५०००.०० |
| २२६१२ | भ्रमण खर्च | १००००००.०० | ००.०० | १००००००.०० |
| | | | | |

| वित्तीयसङ्केत नं | खर्चसङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिनासम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| ३११२२ | मेशिनरीतथा औजार | २००००००.०० | ००.०० | २००००००.०० |
| कुल जम्मा | | ७१८५०००.०० | ००.०० | ७१८५०००.०० |
| अन्तिम बजेटको खर्च तुलना (%प्रतिशतमा ) | | | | ००.००% |

## १३. तोकिए बमोजिमका अन्य विवरण

यस आयोगसँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरू जानकारीको लागि आयोगकै आफ्नै वेबसाइट www.npc.gov.np रहेको छ।

## १४.सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः

राष्ट्रिय योजना आयोगले संचालन गरेका कार्यक्रमहरू आ.व. २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेको छ। सोको प्रगति प्रतिवेदन यस आयोगको वेबसाइट www.npc.gov.np रहेको छ।

## १५. सार्वजनिक निकायको सामाजिक सन्जाल भए सोको विवरण

राष्ट्रिय योजना आयोगको सामाजिक सन्जाल **: www.npc.gov.np (Website)**
**: @NEPALNPC (X)**
**: www.facebook.com/hellonpc**

## १६. सार्वजनिक निकायमा सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरूले आयोगसँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ।

## १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

महत्त्वपूर्ण सूचनाहरू र त्यस्तो विवरण यस आयोगको वेबसाइट www.npc.gov.np मा राख्ने गरिएको छ।

## १८. राष्ट्रिय योजना आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

आयोगका सबै सूचनाहरू खुल्ला रूपमा उपलब्ध छन् ।

## १९. राष्ट्रिय योजना आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

राष्ट्रिय योजना आयोगका सम्पूर्ण निर्णय तथा दस्तावेजहरू वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको ।

## २०. राष्ट्रिय योजना आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

राष्ट्रिय योजना आयोगका सूचना तथा प्रकाशनहरू नियमित रुपमा वेवसाइटमा राख्ने गरिएको छ। साथै, राष्ट्रिय तथ्याङ्क सम्बन्धी विवरण तथा प्रकाशनहरू आयोग मातहतको केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित हुने गरेको र विभागको वेवसाइटमा समेत उपलब्ध रहेको छ । यस आ.व. को अवधिमा प्रकाशित भएका देहायमा उल्लेखित प्रतिवेदन तथा अध्ययन प्रतिवेदनहरू वेवसाइटमा पनि राखिएका छन् ।

क. सौह्रौं योजना (आ. व. २०८१/८२-२०८५/८६)
ख. मध्यमकालीन खर्च संरचना - आ.व. २०८२/८३
ग. आर्थिक वर्षको वार्षिक विकास कार्यक्रम
घ. समपूरक अनुदान सम्बन्धी कार्यविधि- २०८२ र विशेष अनुदान सम्बन्धी कार्यविधि- २०८२
ङ. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको राष्ट्रिय योजना आयोगको विवरण, आ.व. २०८२/८३
च. नेपाल मानव विकास प्रतिवेदन, २०२०
छ. राष्ट्रिय आयोजना बैक (कार्य सञ्चालन तथा व्यवस्थापन मापदण्ड), २०८१